**बागमती प्रदेश सरकार**

**उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय**

# प्रदेश पर्यटन कार्यालय

पत्र सङ्ख्याः २०८३।०८४

च.नं. : ....................

**बबरमहल, काठमाडौं**

सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३।०४।२७)

इजाजतपत्रप्राप्त गाइडमार्फत मात्र पर्यटकीय सेवा सञ्चालन गर्ने सम्बन्धमा यस कार्यालयको कार्यक्षेत्रभित्रका विभिन्न पर्यटकीय गन्तव्य, पदमार्ग तथा पर्यटकीय क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकलाई भ्रमण, टुर, ट्रेकिङ, पदयात्रा, र्‍याफ्टिङलगायतका पर्यटकीय गतिविधिमा सहभागी गराउने क्रममा प्रचलित कानूनबमोजिम इजाजतपत्र प्राप्त नगरेका व्यक्ति तथा विदेशी नागरिकसमेत गाइडका रूपमा संलग्न भई पर्यटकीय सेवा प्रदान गर्ने गरेको सम्बन्धमा गुनासो तथा जानकारी प्राप्त भएकाले कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

पर्यटकको सुरक्षा, सेवाको गुणस्तर, व्यावसायिक मर्यादा, उत्तरदायित्व तथा प्रचलित कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित सबै पर्यटन व्यवसायी, ट्राभल तथा ट्रेकिङ व्यवसायी, होटल/होमस्टे सञ्चालक, गाइड तथा अन्य सरोकारवालाले देहायबमोजिमका व्यवस्था अनिवार्य रूपमा पालना गर्न/गराउन यो सूचना जारी गरिएको छ।

१. पर्यटकलाई टुर, ट्रेकिङ, पदयात्रा, र्‍याफ्टिङ वा अन्य पर्यटकीय गतिविधिमा सहभागी गराउँदा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट इजाजतपत्र प्राप्त गाइडमार्फत मात्र सेवा प्रदान गर्नु, गराउनु पर्नेछ।

२. पर्यटकलाई सेवा प्रदान गर्नुअघि सम्बन्धित गाइडको इजाजतपत्र, इजाजतपत्रको वैधता तथा सम्बन्धित पर्यटकीय गतिविधि सञ्चालन गर्न पाउने अधिकार/योग्यता यकिन गर्ने दायित्व सम्बन्धित पर्यटन व्यवसायीको हुनेछ।

३. पर्यटन व्यवसायी तथा सेवा प्रदायकले पर्यटकको सुरक्षा, सुविधा र हितलाई प्राथमिकतामा राखी प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ।

४. पर्यटकीय सेवा सञ्चालन गर्ने व्यवसायीले इजाजतपत्रप्राप्त गाइडमार्फत मात्र सेवा सञ्चालन गरेको सुनिश्चित गरी गाइडको विवरण तथा इजाजतपत्र सम्बन्धी आवश्यक अभिलेख व्यवस्थित रूपमा राख्नुपर्नेछ ।

५. इजाजतपत्रबिना गाइडका रूपमा कार्य गरेको वा गराएको पाइएमा सम्बन्धित व्यक्ति तथा व्यवसायीउपर प्रचलित कानूनबमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइनेछ।

यस सूचनाको अवज्ञा गरी इजाजतपत्रबिना गाइडमार्फत पर्यटकीय सेवा सञ्चालन गरेको वा गराएको पाइएमा त्यसबाट उत्पन्न हुने कानूनी, व्यावसायिक तथा अन्य सम्पूर्ण दायित्व सम्बन्धित व्यक्ति वा व्यवसायी स्वयंले व्यहोर्नुपर्नेछ। अतः पर्यटन क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उत्तरदायी तथा व्यावसायिक बनाउँदै पर्यटकको विश्वास अभिवृद्धि गर्न सबै पर्यटन व्यवसायी, गाइड तथा सरोकारवालालाई यस सूचनाको कडाइका साथ पालना गर्न/गराउन प्रदेश पर्यटन कार्यालय, काठमाडौं हार्दिक अनुरोध गर्दछ।

२०८३।०४।२६

फोन नः ०१-५९१२५४७, इमेलः tourismoffice.ktm@gmail.com, वेबसाइटः tourismktm.bagamati.gov.np